# भैरवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भैरीकालिकाथुम,दैलेख
कर्णाली प्रदेश,नेपाल

प.सं.२०८०/८१(रोजगार शाखा) च.न. ८२६ मितिः २०८०।१०।२९

श्री वडा कार्यालय सबै
भैरबी गाउँपालिका, दैलेख ।

विषयः बेरोजगार ब्यक्तिहरुको विवरण संकलन सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८१/०८२ मा न्यूनतम् रोजगारीमा संलग्न हुनका लागि बेरोजगार व्यक्तिले निवेदन दिन सक्ने समयावधि मिति २०८० फाल्गुन १ गते देखि ३० गते सम्म भएकाले सो सम्बन्धी निवेदनको ढाँचा १ थान र सूचना १ प्रति यसै पत्र साथ पठाइएको छ ।उक्त सूचनाको अवधि समाप्त भएको मितिले ७ (सात) दिन भित्र तहाँ वडा कार्यालयमा दर्ता भएका निवेदनहरु देहाय बमोजिमको ढाँचामा विवरण भरी सक्कलै फारम रोजगार सेवाकेन्द्रमा पठाइदिनु हुन अनुरोध छ ।

तपशिलः

| क.स. | नाम,थर | बुबाको नाम | आमाको नाम | जन्म मिति | नागरिकता नं. | जारी मिति | वडा नं. | फोन नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |

बोधार्थः
श्री सूचना प्रविधि शाखाः वेवसाइट र फेसबुक पेजमा प्रकाशित गरिदिनु हुन ।

केन्द्र बहादुर शाही
नि.प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

# भैरवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भैरीकालिकाथुम,दैलेख
कर्णाली प्रदेश,नेपाल

| प.सं.२०८०/८१(रोजगार शाखा) | च.न. | मितिः २०८०।१०।२९ |
|---|---|---|

विषयः न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निवेदन दिने सम्बन्धमा ।

रोजगारीको हक सम्बन्धी ऐन,२०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली,२०७५ को नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आ.ब. २०८१/०८२ मा रोजगार सेवाकेन्द्रबाट आर्थिक तथा सामाजिक अवसरबाट बन्चित बेरोगार व्यक्तिहरुलाई प्रदान गरिने १०० (एक सय) दिन बराबरको न्यूनतम् रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माण तथा पूर्बाधार मर्मत सम्भारका काममा योगदान गर्न १८ बर्ष पुरा भई ५९ बर्ष ननाघेका ईच्छुक बेरोजगार व्यक्तिहरुले बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन आफु स्थाई बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजातहरु सहित मिति २०८० फाल्गुन १ गते देखि ३० गतेभित्र तोकिएको ढाँचामा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>आवश्यक कागजातहरु:</u>

१.निवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।

२.निवेदकले कुनै सीपमूलक तालिम लिएको भए सो को प्रतिलिपी १ प्रति ।

३. निवेदकको फोटो १ प्रति ।

४.परिवारमा रहेका ब्यक्तिहरुको नागरिकता प्रमाण पत्र वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।

५. बसाईंसराई भएको भए सो को प्रमाण पत्रको प्रतिलिपी १ प्रति ।

<u>बोधार्थः</u>

श्री वडा कार्यालय सबैः सूचना टास गरी सो को जानकारी पठाउनु हुन ।

श्री सुचना प्रबिधि शाखाः कार्यालयको फेसबुक पेज र वेबसाइटमा अपलोड गर्नु हुन ।

केन्द्र बहादुर शाही
नि.प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत